**मानव शरीर जलन (उपचार तथा पुनर्स्थापना) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा विधायन ऐन, २०८१ को दफा ६ बमोजिम सर्वसाधारणको राय/सुझाबको लागि प्रकाशन गरिएको सूचना।**

नेपाल सरकार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०८३/०४/२८ को निर्णय अनुसार मानव शरीर जलन (उपचार तथा पुनर्स्थापना) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक मस्यौदामा कुनै राय सुझाव भए ७ दिन (मिति २०८३/०५/०३ गते) भित्र यस मन्त्रालयको कानून शाखाको इमेल ठेगाना law.section@mohp.gov.np मा देहाय बमोजिमको ढँचामा पठाउनु हुन विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क.स. | मस्यौदा विधेयकको दफा | प्रस्तावित व्यवस्था | हुनुपर्ने व्यवस्था (राय सुझाव) | राय सुझावको पुष्ट्याई |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

**१. विधेयक गर्नु पर्नाको कारणः**

नेपालको संविधानको धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको। यसैगरी धारा ३५ को उपधारा (१) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था रहेको छ।यस्तै ऐ उपधारा (२) मा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ भन्ने व्यवस्था रहेको छ ।धारा २१ उपधारा (२) मा अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ भन्ने व्यवस्थाको साथै धारा ५० मा नागरिकको जीउ, धन समानता र स्वतन्त्रताको संरक्षण गर्ने समेतको व्यवस्था र धारा ५१ को खण्ड (ज) को उपखण्ड (५) मा नागरिकको आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत प्रत्येक नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिबृद्धि गर्दै जाने, उपखण्ड (६) मा गुणस्तरीय स्वास्थ्य सेवामा सहज, सुलभ, र समान पहुँच सुनिश्चित गर्ने हकको प्रत्याभूत गरेको छ । संविधानद्वारा प्रत्याभूत गरिएका उल्लिखित हकहरुको व्यवहारमा कार्यान्वयन गर्नको लागि मानव शरीर जलन नियन्त्रण गर्ने सम्बन्धमा जलनबाट पिडितलाई तत्काल

उद्धार, उपचार तथा पुनर्स्थापना गर्न कानूनी व्यवस्थाबाट मात्र सम्भव हुने भएकोले मानव शरीर जलन नियन्त्रण तथा सजाय सम्बन्धमा व्यवस्था गर्न विधेयक तर्जुमा गर्न आवश्यक रहेको छ ।

**२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः**

मानव शरीर जलन (उपचार तथा पुनर्स्थापना) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको कार्यान्वयनबाट जलनका बिरामीहरूको उपचारको सुनिश्चितता हुने, जलन उपचारको लागि स्तरीय उपचार पद्धतीको माध्ययमबाट सोही आधारमा स्वास्थ्यकर्मीको तहगत क्षमता विकासका लागि सोही तहको तालिमका माध्ययमबाट दक्षता अभिवृद्धि गर्दै सुलभ एवम् गुणस्तरीय जलन उपचार सेवामा पहुँच अभिवृद्धि मार्फत नेपालको संविधानको धारा ३५ ले प्रदान गरेको नागरिकहरुको स्वास्थ्य सम्बन्धी हक कार्यान्वयन गर्न सहयोग पुग्ने देखिन्छ ।

**३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः**

मानव शरीर जलन (उपचार तथा पुनर्स्थापना) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले कुनै व्यक्ति, संस्था वा निकायको लापरवाही वा दायित्व पुरा नगरेको अवस्थामा सोही व्यक्ति निकाय वा संस्थाबाट उपचार खर्च व्यहोर्ने गरी विधेयकको मस्यौदा गरिएको छ। यसको साथै कुनै पनि व्यक्तिलाई जलन उपचारको पहुँच सुनिश्चित गर्न जलन उपचार कोष, उक्त कोषको सञ्चालन तथा व्यवस्थापन एवं नियन्त्रणको लागि पहिलो तीन लाख सम्मको उपचार मन्त्रालयबाट तोकेको स्वास्थ्य संस्थाबाट हुने र तीन देखि दश लाख सम्मको उपचारको लागि कोष सञ्चालक समितिको पूर्व स्वीकृतिमा उपचार गराउने व्यवस्था गरिएको छ।त्यस्तै गैर कानूनी रूपमा झुट्टा बिल भरपाई एवं दोहोरो भुक्तानी लिने कार्यलाई नियमन गर्नको लागि उक्त विषयलाई दण्डनिय बनाइएको छ।कोषको स्थापना तथा कोषमा विभिन्न क्षेत्रको साथै अति संवेदनशिल निकाय वा क्षेत्रबाट समेत रकम जम्मा गर्ने व्यवस्थाले जलन उपचारको लागि कोषको सुनिश्चितता सिर्जना गरेको छ। प्रस्तुत विधेयकले नागरिकको स्वास्थ्य उपचारको सुनिश्चितताको लागि जारी गरिएको हुनाले प्रत्यक्ष रूपमा सकरात्मक आर्थिक तथा वित्तिय प्रभाव नदेखिए पनि नागरिकको स्वास्थ्य अधिकारको सुनिश्चितताले सकरात्मक दीर्घकालिन आर्थिक तथा वित्तिय प्रभाव पार्ने देखिन्छ।

**४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः**

नेपाल संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र भएको सन्दर्भमा संयुक्त राष्ट्र संघीय "दिगो विकास लक्ष्य (Sustainable Development Goals) को लक्ष्य नं ३ मा प्रत्येक व्यक्तिलाई आरोग्य र स्वस्थ्य राखुपर्ने व्यवस्था गरेको छ भने लक्ष्य नं ५ मा लैङ्गिक समानता कायम कायम गर्ने लक्ष राखिएको छ।यसैगरी संयुक्त राष्ट्रसंघले जीवनको अधिकार (Right to Life) मानव गरिमा (Human Dignity),

क्रूर, अमानवीय व्यवहार विरुद्ध संरक्षणमा जोड दिएको हुनाले उल्लिखित स्वास्थ्य अधिकार प्राप्त गर्ने अपेक्षा गरिएको छ।

**५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः**

जलन उपचारको लागि प्रदान गरिने सेवा सुविधालाई एकद्वार माध्ययमबाट प्रावाहित गर्दा उपचारमा दोहोरोपना नहुने साथै एकल प्रणालीबाट हुने उपचार प्रणालीमा नागरिकको सहज पहुँच हुने देखिन्छ। त्यस्तै स्तरीय जलन उपचार पद्वतीद्वारा जलन उपचारमा मानक निर्धारण गरी सोही आधारमा उपचार गर्ने प्रणालीको विकास गरी कार्यान्वयन हुदाँ सुशासन प्रवर्द्वनको व्यवस्था गरिएको छ। त्यस्तै विधेयकले व्यवस्था गरेका कोषको रकम सञ्चालन र व्यवस्थापन सम्बन्धी विषयहरूले राज्य कोषको नागरिक स्वास्थ्य उपचारमा मितव्ययिता कायम गर्ने अपेक्षा गरिएको छ।

**६. विधेयकको व्यवस्थाबाट जलवायू अनुकुलनमा पुग्ने सहयोगःX**

<u>मानव शरीर जलन (उपचार तथा पुनर्स्थापना) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना</u> :** मानव शरीर जलन सम्बन्धी जोखिम तथा घटनाको प्रभावकारी रोकथाम तथा न्यूनीकरण गर्दै जलन प्रभावित व्यक्तिलाई तत्काल उद्धार गरी जलन कोषको माध्यमबाट गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्रदान गर्न कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

**परिच्छेद-१**

**<u>प्रारम्भिक</u>**

१. <u>संक्षिप्त नाम तथा प्रारम्भ</u> : (१) यस ऐनको नाम "मानव शरीर जलन (उपचार तथा पुनर्स्थापना) ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “अति संवेदनशील निकाय” भन्नाले जलन हुन सक्ने उच्च सम्भावना रहेका विद्युत, पेट्रोलियम पदार्थ ए.पि.जि. ग्यास, रासायानिक पदार्थ, विस्फोटक पदार्थ, विद्युत सवारी,

ब्याट्री तथा उपकरण एवं अन्य प्रज्वलनशील पदार्थको उत्पादन, निकासी, पैठारी, प्रसारण, पारवहन, भण्डार, उपयोग, वितरण तथा विसर्जन गर्ने क्षेत्रसँग सम्बन्धित निकाय सम्झनु पर्छ। सो शब्दले नेपाल सरकारले तोकेका अन्य क्षेत्र समेतलाई बुझाउनेछ।

(ख) "आधारभूत जलन उपचार सेवा" भन्नाले आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था वा स्थानीय तहबाट उपलब्ध हुने जलन सम्बन्धी प्रारम्भिक उपचार, घाउ सफा गर्ने, पट्टी बाँध्ने वा प्राथमिक व्यवस्थापन गरी आवश्यक परेमा समयमै प्रेषण गर्ने सम्बन्धी सेवा सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले दफा १८ बमोजिमको कोष सम्झनु पर्छ।

(घ) "कोष सञ्चालक समिति" भन्नाले दफा २० बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ।

(ङ) "गम्भिर जलन" भन्नाले देहाय बमोजिमका मानव शरीरमा भएको जलनलाई सम्झनु पर्छः-

(१) जलनका कारण बालबालिकाको हकमा कम्तीमा दश प्रतिशत वा सोभन्दा बढी र बयस्क व्यक्तिको कम्तीमा पन्ध्र प्रतिशत वा सोभन्दा बढी मानव शरीरमा भएको जलन,

(२) अनुहार, टाउको, आँखा, कान, घाँटी, छाती, हात, खुट्टा, यौनाङ्ग वा अन्य संवेदनशील अंगमा वा कार्यात्मक अंगमा पाँच प्रतिशत वा सोभन्दा बढी भएको जलन,

(३) छालाको भित्री तह एवं छाला मुनिका तन्तु सम्म भएको गहिरो जलन,

(४) विद्युत्, चट्याङ्ग, करेन्ट, रासायनिक पदार्थ, विकिरण वा श्वासप्रश्वास प्रणालीमा असर पर्ने गरी भएको जलन,

(५) शल्यक्रिया, छाला प्रत्यारोपण वा दीर्घकालीन उपचार आवश्यक पर्ने गरी भएको जलन,

(६) स्वरूप परिवर्तन, अपाङ्गता वा अंगभंग हुने गरी भएको जलन,

(७) जीवन जोखिम उत्पन्न हुने गरी भएको जलन।

(च) "जलन" भन्नाले तातो पदार्थ, रासायनिक पदार्थ, विद्युतीय, चट्याङ्ग, विकिरण, विस्फोटन, वा अन्य प्रज्वलनशील तथा मानव शरिरलाई जलाउन सक्ने क्षमता भएको पदार्थको प्रयोग वा सेवनबाट मानव शरीरको बाह्य वा आन्तरिक भागमा हुने शारीरिक क्षति, रूप परिवर्तन, अंगभंग वा अपाङ्गता हुने कार्य समेतलाई सम्झनु पर्छ र सो शब्दले चिसो पदार्थबाट भएको जलन समेतलाई जनाउछ।

(छ) "जलन उपचार" भन्नाले जलन बिरामीको आधारभूत, सामान्य, विशेषज्ञ उपचार सेवा सम्झनु पर्छ। सो शब्दले फलोअप बापतको उपचार खर्च, उपचारसँग सम्बन्धित सामग्रीको खर्च तथा बिरामीलाई स्वास्थ्य संस्थासम्म ल्याउदा लागेको खर्च समेतलाई जनाउनेछ।

(ज) "प्रेषण सेवा" भन्नाले स्वास्थ्य संस्थाले उपचारको लागि आएको बिरामीलाई आफ्नो स्वास्थ्य संस्थाको संरचना, उपकरण, विशेषज्ञ सेवा नभएको अथवा अन्य कुनै कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा आफ्नो संस्थामा उपलब्ध गराउन सकिने प्राथमिक सेवा प्रदान गरी थप उपचारको लागि तुरुन्त उपचार हुन सक्ने स्वास्थ्य संस्थामा पठाउने कार्य सम्झनु पर्छ ।

(झ) "बिरामी" भन्नाले जलनको कारणबाट शारीरिक रूपमा हानी नोक्सानी भएको व्यक्तिलाई सम्झनु पर्छ।

(ञ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय सम्झनु पर्छ।

(ट) "विशिष्टीकृत जलन उपचार सेवा" भन्नाले गम्भिर जलन भएका बिरामीलाई जलन उपचारका लागि पूर्वाधार, विशेषज्ञ जनशक्ति, उपकरणयुक्त समर्पित सघन उपचार तथा पुनरुत्थान सम्बन्धी उपचार सेवा सम्झनु पर्छ।

(ठ) "विशेषज्ञ जलन उपचार सेवा" भन्नाले गहिरो जलन वा शरीरको बढी भागमा जलेका बिरामीलाई सम्बन्धित विशेषज्ञ वा सर्जनको प्रत्यक्ष रेखदेखमा सघन उपचार, शल्यक्रिया वा छाला प्रत्यारोपण समेत गर्न सक्ने स्वास्थ्य संस्थाबाट उपलब्ध हुने जलन उपचार सेवा सम्झनु पर्छ

(ड) "सामान्य जलन" गम्भीर जलन बाहेकका अन्य प्रकृतिका मानव शरीरमा भएको जलन सम्झनु पर्छ।

(ढ) "सामान्य जलन उपचार सेवा" भन्नाले सामान्य जलन भएको बिरामीलाई प्रदान गर्ने जलन उपचार सेवा सम्झनु पर्छ।

(ण) "स्तरीय उपचार पद्वति" भन्नाले जलन सम्बन्धी बिरामीको उपचार गर्दा पालना गर्नु पर्ने मापदण्ड सहतिको निर्देशिका सम्झनु पर्छ

(त) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(थ) "स्वास्थ्य संस्था" भन्नाले बिरामीको स्वास्थ्य उपचार सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएको तथा मन्त्रालयले तोकेका सरकारी, निजी, सहकारी, गैरसरकारी तथा सामुदायिक स्वास्थ्य संस्था तथा अस्पताल सम्झनु पर्छ र सो शब्दले जलन सम्बन्धी विशेषज्ञ र विशिष्टीकृत उपचार सेवा प्रदान गर्ने स्वास्थ्य संस्थालाई समेत जनाउँछ ।

(द) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्यकर्मीको रूपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ।

## परिच्छेद-२

## उपचार प्राप्त गर्ने अधिकार, जलनको वर्गिकरण, तहगत उपचार सेवा र प्रेषण

३. **उपचार प्राप्त गर्ने अधिकार :** (१) प्रत्येक व्यक्तिलाई गुणस्तरीय जलन उपचार सहज रूपमा प्राप्त गर्ने अधिकार हुनेछ।

(२) कुनै व्यक्तिलाई जलनको परिणाम स्वरूप थप क्षति हुनबाट जोगाउन आवश्यक उपाय अवलम्बन गर्नु र त्यस्तो व्यक्तिलाई घटनास्थलबाट तत्काल स्वास्थ्य संस्थामा पुऱ्याउनु सबैको दायित्व हुनेछ।

(३) कुनै बिरामीलाई उपचार सेवाबाट बञ्चित गरिने छैन ।

४. **उपचार गर्न इन्कार गर्न नहुने :** (१) कुनै पनि स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले बिरामीलाई उपचार प्रदान गर्न इन्कार गर्न पाउने छैन।

(२) स्वास्थ्य संस्थाले जलन सम्बन्धी स्रोत, साधन, जनशक्ति वा विशेषज्ञ उपचार सेवा उपलब्ध नभएमा बिरामीलाई आधारभूत स्वास्थ्य उपचार सेवा उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपचार पश्चात यथाशीघ्र मन्त्रालयले तोकेको स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ।

(३) उपदफा (३) बमोजिम बिरामीलाई प्रेषण गर्दा प्रेषित गर्ने स्वास्थ्य संस्थाले आफूसँग रहेका न्यूनतम स्वास्थ्य सम्बन्धी उपकरण एवं उपलब्ध स्वास्थ्य सुविधा सहित प्रेषित गर्नु पर्नेछ।

५. **जलनको वर्गिकरण :** (१) मानव शरीरमा हुने जलनलाई स्तरीय उपचार पद्वतिको आधारमा सामान्य र गम्भीर जलनमा वर्गीकरण गरी सोही बमोजिम उपचार सेवा प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको वर्गिकरणको आधारमा स्वास्थ्य संस्थाबाट सामान्य जलनको लागि आधारभूत, सामान्य उपचार सेवा र गम्भिर जलनको लागि विशेषज्ञ र विशिष्टिकृत जलन उपचार सेवा उपलब्ध गराइनेछ।

(३) उपदफा (२) बमोजिम गम्भिर जलन भएका बिरामीको आधारभूत र समान्य उपचार सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले उपलब्ध सेवा प्रदान गरी दफा ४ को उपदफा (३) र (४) बमोजिम प्रेषण गर्नुपर्नेछ।

६. **<u>तहगत उपचार सेवा</u> :** (१) दफा ५ बमोजिमको सामान्य र गम्भिर जलन भएका बिरामीलाई देहाय बमोजिको तहगत उपचार सेवा प्रदान गरिनेछ।

(क) सबै किसिमका स्वास्थ्य संस्थाबाट आधारभूत उपचार सेवा उपलब्ध निःशुल्क हुनेछ।

(ख) सामान्य जलन भएका बिरामीलाई कम्तिमा जनरल सर्जन स्वास्थ्यकर्मी उपलब्ध भएको स्वास्थ्य संस्थाबाट सामान्य उपचार सेवा प्रदान गरिनेछ।

(ग) गम्भिर जलनका बिरामीको अवस्था अनुसार विशेषज्ञ र विशिष्टिकृत उपचार सेवा उपलब्ध गराइनेछ।

(२) उपदफा (२) बमोजिमका स्वास्थ्य संस्थाबाट गम्भिर जलन भएका बिरामीको विशेषज्ञ वा सर्जनको प्रत्यक्ष रेखदेखमा सघन उपचार, शल्यक्रिया वा छाला प्रत्यारोपण समेतका विशेषज्ञ सेवा उपलब्ध गराइनेछ।

(३) विशिष्टिकृत उपचार सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाबाट विशेषज्ञ जनशक्ति, उपकरण तथा पूर्वाधार युक्त स्वास्थ्य संस्थाबाट समर्पित सघन उपचार सेवा प्रदान गरिनेछ

(४) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको उपचार सेवा उपलब्ध गराउने स्वास्थ्य संस्था मन्त्रालयले तोके बमोजिम हुनेछन् ।

७. **<u>उपचार सेवा निःशुल्क उपलब्ध हुने</u> :** (१) यो ऐनको दफा ६ बमोजिमको सामान्य, विशेषज्ञ, र विशिष्टिकृत स्वास्थ्य सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाले बिरामीलाई अधिकतम तीन लाख रुपैयाँ सम्मको उपचार सेवा निःशुल्क उपलब्ध गराउनुपर्ने छ।

(२) बिरामीको उपदफा (१) बमोजिम तीन लाख रुपैयाँ भन्दा बढी रकमको उपचार गराउनु पर्ने अवस्थामा कोष सञ्चालक समितिको पूर्व स्वीकृतिमा थप सात लाख रूपैया सम्मको निःशुल्क उपचार सेवा उपलब्ध गराउन सक्नेछ।

(३) स्वास्थ्य संस्थाबाट उपदफा (२) बमोजिमको पूर्व स्वीकृत माग भएकोमा कोष सञ्चालक समितिले छानबिन गरी तुरून्त पूर्व स्वीकृत प्रदान गर्नुपर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम बिरामीलाई उपचार गर्दा लागेको उपचार खर्च कोष सञ्चालक समितिले जलन उपचार कोषबाट स्वास्थ्य संस्थालाई सोधभर्ना गर्नेछ।

८. **उपचार खर्च व्यहोर्नुपर्ने :** (१) कुनै व्यक्ति, संस्था वा निकायले पुरा गर्नुपर्ने दायित्व नगरेको वा लापरवाही गरेको कारणबाट जलन भएको अवस्थामा सो व्यक्ति, संस्था वा निकायबाट नै बिरामीको उपचार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दायित्व पुरा नगरेको वा लापरवाही गरेको कारण भएको जलनमा उपचार खर्च सोझै उपचार गर्ने स्वास्थ्य संस्थालाई भुक्तानी गर्नुपर्ने छ।

(३) उपदफा (१) बमोजिम दायित्व पुरा नगरेको वा लापरवाही गरेको कारण जलन भएको अवस्थामा कोषबाट बिरामीको उपचार भएको रहेछ भने सो रकम कोषमा सोधभर्ना गर्नुपर्नेछ।

## परिच्छेद-३

## विशेषज्ञ र विशिष्टिकृत स्वास्थ्य संस्था र स्तरीय उपचार पद्वति

९. **विशेषज्ञ र विशिष्टिकृत स्वास्थ्य संस्था :** (१) प्रचलित कानून बमोजिम स्थापित विशेषज्ञ उपचार सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले जलन उपचारका लागि न्यूनतम पाँच शैय्या छुट्टाउनु पर्नेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि विशिष्टिकृत जलन उपचार सेवा प्रदान गर्ने स्वास्थ्य संस्था कम्तिमा पच्चिस शैय्याको हुनुपर्नेछ।

१०. **विशिष्टिकृत स्वास्थ्य संस्थाको स्थापना गर्न सक्ने** : (१) जलन उपचारको लागि नेपाल सरकारले एक विशिष्टिकृत स्वास्थ्य संस्था स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्वास्थ्य संस्थामा आवश्यक पर्ने जनशक्ति नेपाल सरकारले उपलब्ध गराउनेछ।

(३) नेपाल सरकारले आवश्यकता अनुसार प्रत्येक प्रदेशमा विशिष्टिकृत अस्पताल स्थापना गर्न सक्नेछ।

(४) उपदफा (१) तथा उपदफा (३) बमोजिमको स्वास्थ्य संस्था स्थापना नभए सम्मको लागि मन्त्रालयले कुनै स्वास्थ्य संस्थालाई विशिष्टिकृत सेवा उपलब्ध गराउनको लागि तोक्न सक्नेछ।

११. **<u>स्तरीय उपचार पद्दती</u> :** (१) बिरामीको चिकित्सकीय विज्ञानमा आधारित मन्त्रालयले निर्धारण गरेको स्तरीय उपचार पद्धतिको आधारमा उपचार गरिनेछ।

(३) स्तरीय उपचार पद्दतीमा मानव शरीर जलनको वर्गीकरण पहिचानको विधि, चिकित्सकीय मापदण्ड तथा उपचार सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको स्तरीय उपचार पद्दतिमा उपदफा (३) को अतिरिक्त स्वास्थ्य संस्थाको न्यूनतम भौतिक पूर्वाधार, जनशक्ति, उपकरण, उपचारको स्तर तथा प्रेषण सम्बन्धी व्यवस्था समेत समावेश हुनेछ ।

(४) जलन उपचार सेवा उपलब्ध गराउने स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीले स्तरीय उपचार पद्धतिको अनिवार्य पालना गर्नुपर्नेछ

## परिच्छेद-४

## <u>स्वास्थ्यकर्मीको तालिम, स्वास्थ्य संस्थाको कर्तव्य र दायित्व</u>

१२. **<u>तालिम प्राप्त स्वास्थ्यकर्मीबाट उपचार सेवा प्रदान गर्नुपर्ने</u>** : (१) जलन उपचार सेवा प्रदान गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मीले तहगत सेवा प्रदान गर्न सक्ने गरी अनिवार्य रूपमा जलन उपचार सम्बन्धी तालिम लिनुपर्नेछ।

(२) जलन सम्बन्धी घटनामा व्यक्तिको उद्धार तथा उपचारमा संलग्न हुने चिकित्सक, स्वास्थ्यकर्मी तथा उद्धारकर्तालाई मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले आवश्यक तालिम सञ्चालन गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको पाठ्यक्रम तथा प्रशिक्षण पद्धतिको आधारमा अन्य स्वास्थ्य संस्था वा निकायले समेत तालिम सञ्चालन गर्न सक्नेछन्।

(४) उपदफा (३) बमोजिम तालिम सञ्चालन सम्बन्धी पाठ्यक्रम तथा प्रशिक्षण पद्धति मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(५) तालिम सम्बन्धी अन्य व्यवस्था स्तरीय उपचार पद्धति बमोजिम हुनेछ ।

१३. <u>स्वास्थ्य संस्थाको जिम्मेवारी तथा दायित्व</u> : (१) बिरामीको उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ।

(२) उपदफा (१) मा उल्लिखित दायित्वका अतिरिक्त स्वास्थ्य संस्थाको दायित्व देहायबमोजिम हुनेछः-

(क) बिरामीको प्रकृति र गम्भीरताका आधारमा बिरामीलाई पहिलो प्राथमिकता दिई आकस्मिक उपचार सेवा उपलब्ध गराउने,

(ख) आधारभूत जलन उपचार सेवाको लागि चाहिने न्यूनतम मापदण्ड कायम गर्ने,

(ग) स्तरीय उपचार पद्धतिको पालना गर्ने,

(घ) जलन उपचार सेवाको वर्गिकरण बमोजिम उपचार सेवा उपलब्ध गराउने,

(ङ) खण्ड (घ) बमोजिम बाहेक थप उपचार आवश्यक पर्ने देखिएमा प्रारम्भिक आकस्मिक उपचार सहित बिरामीको अवस्था स्थिर बनाई आवश्यकता अनुसार माथिल्लो तहको सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थामा प्रेषण गर्ने,

(च) जलन उपचार सेवा प्रवाह गर्दा बिरामीको स्वास्थ्य अवस्था, रोगको निदान वा निजले प्राप्त गरेको उपचार लगायतका वैयक्तिक र मेडिकल विवरणको सुरक्षित अभिलेख राख्ने,

(छ) बिरामीको उपचारमा भएको खर्चको विवरण र सो सम्बन्धी प्रमाण-कागजात प्रचलित कानुन बमोजिमको बीमा प्रदायक संस्था वा कोष सञ्चालक समिति समक्ष दाबी भुक्तानीका लागि पठाउने,

(ज) खण्ड (छ) बमोजिम भुक्तानिको लागि पठाँउदा झुट्टा, बनावटी बिल, भरपाई खर्च दावी नगर्ने,

(झ) मन्त्रालय तथा कोष सञ्चालक समितिले माग गरेको विवरण उपलब्ध गराउने,

(ञ) जलन उपचारका सन्दर्भमा मन्त्रालयबाट जारी भएका निर्देशन पालना गर्ने।

## परिच्छेद-५

## जलन उपचार समिति

१४. **केन्द्रीय जलन उपचार समिति :** (१) जलन उपचार सम्बन्धी नीति निर्धारण तथा समन्वय गर्नको लागि एक केन्द्रीय जलन उपचार समिति हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | मन्त्री, मन्त्रालय | -अध्यक्ष |
| (ख) | सचिव, मन्त्रालय | -सदस्य |
| (ग) | सचिव, गृह मन्त्रालय | -सदस्य |
| (घ) | सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (ङ) | सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | -सदस्य |
| (च) | सचिव, महिला, बालबालिका, लेङ्गिक तथा योनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | -सदस्य |
| (छ) | सचिव, युवा, श्रम तथा रोजगार मन्त्रालय | -सदस्य |
| (ज) | सचिव, उर्जा तथा जलस्रोत मन्त्रालय | -सदस्य |
| (झ) | सचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | -सदस्य |
| (ञ) | नेपाल स्वास्थ्य सेवाको जलन उपचार सम्बन्धी विशेषज्ञ चिकित्सकहरू मध्येबाट मन्त्रालयले मनोनित गरेको एकजना | -सदस्य |
| (ट) | सम्बन्धित विषय हेर्ने महाशाखा प्रमुख, मन्त्रालय | -सदस्य सचिव |

(३) उपदफा (२) को खण्ड (ञ) बमोजिमका सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसकै कुरा लेखिएको भए तापनि कुनै सदस्यको खराब आचरण वा कार्यक्षमताको अभाव देखिएमा, पदीय दायित्व पूरा नगरेमा वा समितिको हित विपरीत हुने कुनै कार्य गरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी सदस्यबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्न मनासिब मौका दिनु पर्नेछ ।

(५) समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

(६) समितिको बैठकमा आवश्यकता अनुसार विज्ञ एवं विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

१५. **<u>समितिको बैठक</u> :** (१) समितको बैठक वर्षमा कम्तिमा दुई पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा अठ्चालीस घण्टा अगावै कार्यसूची सहित सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(३) समितिको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकका लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नुपर्नेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. **<u>समितिको काम, कर्तव्य र अधिकार</u> :** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) जलनको रोकथाम, उद्धार तथा उपचार सम्बन्धी नीति निर्धारण गर्ने विषयमा नेपाल सरकारलाई राय सुझाव प्रदान गर्ने,

(ख) नेपाल पक्ष भएका मानव जलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरुको अनुमोदन तथा कार्यान्वयनको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ग) कोषबाट सञ्चालन हुने वार्षिक बजेट तथा कार्यक्रमको स्वीकृति दिने तथा अनुमोदन गर्ने,

(घ) कोष सञ्चालनका सम्बन्धमा सञ्चालक समितिलाई निर्देशन दिने,

(ङ) जलन उपचार व्यवस्थापन सम्बन्धी कार्यमा प्रदेश, स्थानीय तह तथा सरकारी तथा गैर सरकारी संघ संस्था लगायत सरोकारवाला पक्षसँग समन्वय गर्ने,

(च) कोषमा रकम संकलन तथा परिचालनको विषयमा सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

(छ) कोषमा नेपाल सरकारले तोके बमोजिमको रकम जम्मा गर्न तथा उपचार खर्च कोषमा सोधभर्ना गर्न जलन अति संवेदनशिल क्षेत्रलाई निर्देशन दिने,

(ज) जलन उपचार व्यवस्थापन सम्बन्धी कार्यहरुको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(झ) जलनका बिरामीको स्वास्थ्य सुरक्षा, अधिकार तथा संरक्षणका लागि सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(ञ) नेपाल सरकारको निर्देशन पालना गर्ने,

(ट) अन्य आवश्यक कार्य गर्ने।

१७. **प्रदेश तथा स्थानीय जलन उपचार व्यवस्थापन समिति** : (१) जलन सम्बन्धी घटनाको न्यूनीकरण, नियन्त्रण तथा बिरामीको उद्धार, उपचार र पुनर्स्थापना सम्बन्धमा प्रदेशमा प्रदेश जलन उपचार व्यवस्थापन समिति र स्थानीय तहमा स्थानीय जलन उपचार व्यवस्थापन समिति रहनेछन्।

(२) उपदफा (१) बमोजिमका समितिको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धित प्रदेश तथा स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-६

**कोषको स्थापना, सञ्चालन र सोधभर्ना सम्बन्धी व्यवस्था**

१८. **जलन उपचार कोष :** (१) जलन उपचार व्यवस्थापनका लागि एक जलन उपचार कोष स्थापना हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त रकम,

(ग) कुनै सङ्घ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(घ) विदेशी सरकार, व्यक्ति वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त अनुदान रकम,

(ङ) संवेदनशिल क्षेत्र/निकायबाट जम्मा हुने रकम,

(च) कोषबाट भएको खर्च न्यायिक निर्णयबमोजिम पीडकबाट सोधभर्ना बापत प्राप्त रकम,

(छ) जरिवाना वापत प्राप्त हुने रकम ।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नुपूर्व नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषमा प्राप्त हुने रकम प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त "क" वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) कोषको रकम जलन सम्बन्धी घटनाको रोकथाम, नियन्त्रण तथा बिरामीको यातायात खर्च, उपचार, जनशक्ति विकास, जनचेतनामूलक कार्यक्रम सञ्चालन सम्बन्धी कार्यका लागि प्रयोग गरिनेछ ।

(६) उपदफा (५) बमोजिम जलन सम्बन्धी जनचेतना मुलक कार्यक्रम, जनशक्ति क्षमता विकाश तथा अन्य प्रशासनिक खर्चको लागि कूल बार्षिक बजेटको दश प्रतिशतमा नबढ्ने गरी खर्च गर्नुपर्नेछ ।

१९. **कोषमा रकम जम्मा गर्नुपर्ने :** अति संवेदनशिल क्षेत्र वा निकायले नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको रकम कोषमा जम्मा गर्नुपर्नेछ।

२०. **कोष सञ्चालक समिति** : (१) कोषको सञ्चालनको लागि एक कोष सञ्चालक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिमा देहाय बमोजिमका सदस्य रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | -संयोजक |
| (ख) | महाशाखा प्रमुख, सम्बन्धित विषय हेर्ने महाशाखा, मन्त्रालय | -सदस्य |
| (ग) | संयोजकले तोकेको मन्त्रालयको उप-सचिव वा सो सरहको अधिकृत | -सदस्य सचिव |

(३) कोष सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(४) कोषको खाता सञ्चालन कोष सञ्चालक समितिको सदस्य सचिव र मन्त्रालयको लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ।

(५) कोष सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कोषबाट सञ्चालन हुने वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको लागि केन्द्रीय जलन उपचार समिति समक्ष पेश गर्ने,

(ख) उपलब्ध स्रोत साधनको प्रयोग गरी बिरामीको यातायात खर्च तथा उपचारको व्यवस्था मिलाउने,

(ग) स्वास्थ्य संस्थाबाट माग भई आएको बिरामीको यातायात खर्च, उपचार तथा आधारभूत सामग्री बापतको दावी परीक्षण गरी भुक्तानी गर्ने,

(घ) जलन सम्बन्धी जनचेतना मूलक कार्यक्रम, जनशक्ति क्षमता विकास तथा अन्य प्रशासनिक खर्च वापतको दावी परीक्षण गरी भुक्तानी गर्ने,

(ङ) जलन उपचार समन्वय समितिको निर्देशन बमोजिम जलन उपचार व्यवस्थापन सम्बन्धी कार्यमा प्रदेश, स्थानीय तह तथा सरकारी एवं गैर सरकारी संघ संस्था लगायत सरोकारवालासँग समन्वय गर्ने,

(च) कोषबाट भएको खर्चको प्रचलित कानून बमोजिम लेखा राख्ने तथा लेखा परीक्षण गराउने,

(छ) कोषबाट भएको कार्यक्रम तथा खर्च सम्बन्धी विवरण तथा प्रतिवेदन तयार गरी केन्द्रीय जलन उपचार समिति तथा मन्त्रालय समक्ष पेश गर्ने,

(ज) दफा ८ बमोजिम दायित्व पुरा नगरेको वा लापरवाहीका कारण भएको जलनको उपचार खर्च व्यहोर्नको लागि निर्देशन दिने,

(झ) दफा ८ को उपदफा (३) बमोजिमको कोषबाट भएको रकम सोधभर्ना गराउने,

(ञ) केन्द्रीय जलन उपचार समितिको निर्देशन बमोजिमका अन्य कार्य गर्ने।

(६) कोष सञ्चालक समितिले आफ्नो काम कर्तव्य र अधिकार पालनाको क्रममा विज्ञ सहितको उप-समिति गठन गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिमको उप-समितिको काम कर्तव्य र अधिकार कोष सञ्चालक समितिले तोके बमोजिम हुनेछ।

२१. **<u>जलन उपचार कोषको रकम खर्च</u> :** (१) जलन उपचार कोषमा जम्मा भएको रकम देहाय बमोजिमका कार्यका लागि खर्च गरिनेछः-

(क) बिरामीलाई स्वास्थ्य संस्थासम्म पुर्याउन लागेको एक पटकको यातायात खर्च,

(ख) बिरामीको निदानात्मक सेवा बापतको खर्च,

(ग) बिरामीको बहिरङ्ग, भर्ना उपचार, आकस्मिक, शल्यक्रिया, औषधि, स्वास्थ्य सहायता सम्बन्धी आधारभूत उपकरण जस्ता उपचारात्मक सेवा बापतको खर्च,

(घ) स्वास्थ्यकर्मीको क्षमता अभिबृद्धि कार्यक्रम बापतको खर्च,

(ङ) जलन जन्य घटनाको नियन्त्रण सम्बन्धी स्वास्थ्य शिक्षा, जनचेतनामूलक कार्यक्रम सञ्चालन खर्च,

(च) जलन सम्बन्धी अध्ययन, अनुसन्धान सम्बन्धी खर्च,

(छ) बिरामीको मनोसामाजिक परामर्शमा लागेको खर्च,

(ज) अति आवश्यक भनि सम्बन्धित चिकित्सकले प्रमाणित गरे अनुसार बढीमा जलन भएको एक वर्ष सम्मको फलोअपको उपचार खर्च,

(झ) प्रचलित कानून बमोजिमको बिपन्न गरीब बिरामीको हकमा एकजना बिरामी कुरूवाको लागि लाग्ने कोष सञ्चालक समितिले निर्धारण गरे अनुसारको खाजा खाना खर्च,

(ञ) समितिले निर्णय गरे बमोजिमका अन्य जलन उपचार तथा व्यवस्थापन सम्बन्धी खर्च।

(२) उपदफा (१) बमोजिमको खर्च भुक्तानी गर्नु पूर्व प्रचलित कानून बमोजिम बिरामीको स्वास्थ्य बिमा गरिएको अवस्थामा त्यस्तो बीमाबाट भुक्तानी गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको बिमा रकमबाट अपुग हुने रकम सम्बन्धित स्वास्थ्य संस्थालाई कोषबाट भुक्तानी गर्नुपर्नेछ।

तर, बिमा नभएको अवस्थामा यस दफा बमोजिम रकम भुक्तानी दिन बाधा परेको मानिने छैन।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि अन्य कुनै माध्यय वा स्रोतबाट जलन उपचार खर्च वापतको रकम भुक्तानी भएको अवस्थामा यस ऐन बमोजिमको रकम भुक्तानी गरिने छैन।

(५) बिरामीको कस्मेटिक उपचार बापतको खर्च यस कोषबाट भुक्तानी हुने छैन।

स्पष्टिकरणः "कस्मेटिक उपचार" भन्नाले कुनै रोग निको पार्न नभई मानिसको बाहिरि रूप, सौन्दर्य, छाला वा रुप रङ्ग सुधार्ने, कपाललाई राम्रो बनाउन गरिने आकर्षणसँग सम्बन्धीत उपचार सम्झनु पर्छ।

२२. **<u>सोधभर्ना प्रक्रिया</u>** : (१) जलन सेवा उपलब्ध गराउने मन्त्रालयले तोकेका स्वास्थ्य संस्थाले जलन उपचारको रकम भुक्तानी उपचार समाप्त भएको मितिले बढिमा पैतिस दिन भित्र कोष सञ्चालक समिति समक्ष सम्पूर्ण बिल भरपाई तथा कागजात संलग्न गरी दाबी गर्नुपर्नेछ।

(२) बिरामीको उपचारको लागि स्वास्थ्य संस्थासम्म पुर्याउन लागेको यातायात खर्चको सोधभर्ना सम्बन्धित व्यक्ति वा निकायले बढीमा पैतिस दिन भित्र भुक्तानीका लागि दावी गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त भएका बिल भरपाईहरूको आवश्यक छानविन तथा दाबी रकमको मूल्याङ्कन कोष सञ्चालक समिति वा उक्त समितिले गठन गरेको उप-समिति मार्फत गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम मूल्याङ्कन कार्य सम्पन्न गरेको पन्ध्र दिन भित्र दाबी रकम बैङ्किङ्ग प्रणाली मार्फत सम्बन्धित स्वास्थ्य संस्था वा निकायलाई भुक्तानी गरिनेछ।

(५) स्वास्थ्य संस्थाले प्रवाह गर्ने जलन उपचारको दाबी भुक्तानीको दर र विधि कोष सञ्चालक समितिले समय समयमा तोके बमोजिम हुनेछ।

(६) जलन उपचार प्रदान गर्ने स्वास्थ्य संस्थाले कानून विपरीत सेवा प्रवाह गरेमा त्यस्तो सेवा बापतको रकम भुक्तानी गर्न कोष सञ्चालक समिति बाध्य हुने छैन।

(७) भुक्तानी सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले बनाएको कार्यविधि बमोजिम हुनेछ।

२३. **दोहोरो सुविधा लिन नहुने** : कुनै बिरामीले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कुनै एक निकाय, संस्था वा कार्यालयबाट एकपटक उपचार खर्च बापतको सुविधा तथा रकम प्राप्त गरिसके पछि दोहोरो पर्ने गरी उक्त सुविधा लिनु हुदैन।

२४. **उपचार खर्चको सोधभर्ना** : जलन सम्बन्धी कसूरमा पीडितको उपचारका लागि कोषबाट भएको खर्च रकम अदालत वा न्यायिक निकायको निर्णयबमोजिम पीडकबाट असुल गरी कोषमा सोधभर्ना गर्नुपर्नेछ।

२५. **कोषको लेखा र लेखापरीक्षण** : (१) कोषको आय-व्ययको लेखा नेपाल सरकारले अवलम्बन गरेको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट हुनेछ ।

(३) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ

## परिच्छेद-७

## विविध

२६. **अति संवेदनशील क्षेत्रका व्यवसायी वा निकायको जिम्मेवारी र दायित्व** : अति संवेदनशिल क्षेत्रका व्यवसायी वा निकायको  दायित्व देहाय बमोजिमको हुनेछः-

(क) कर्मचारी तथा सर्वसाधारणको सुरक्षाका लागि जलन/आगोलागीबाट बचाउने खालका आवश्यक उपकरण, तालिम तथा सुरक्षा प्रणालीको व्यवस्था गर्ने,

(ख) कर्मचारीको जलन उपचार समेट्ने गरी दुर्घटना बीमा गर्ने,

(ग) जोखिमयुक्त कार्यस्थलमा कार्यरत व्यक्तिलाई आवश्यक सुरक्षा सामग्री उपलब्ध गराउने,

(घ) दुर्घटना वा जलन घटनासँग सम्बन्धित व्यक्तिको तत्काल उद्धार, उपचार तथा प्रमाण संरक्षण गर्ने गराउने,

(ङ) कोषमा रकम जम्मा नगर्ने निकायले बिरामीको सम्पूर्ण उपचार खर्च र कोषमा रकम जम्मा गर्ने संस्था वा निकायले कोषबाट उपचारको लागि व्यहोरिने रकम भन्दा बढी लागेको उपचार रकम ब्यहोर्ने,

(च) प्रचलित कानूनले निर्धारण गरेको जलन सुरक्षा सम्बन्धि सुरक्षात्मक व्यवस्था पालना गर्ने, गराउने,

(छ) सम्बन्धित निकायलाई सूचना दिने,

(ज) नेपाल सरकारले तोके बमोजिम कोषमा रकम जम्मा गर्ने।

२७. **परिवारका सदस्य, संरक्षकको दायित्व** : परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व स्वीकार गरिएको कुनै पनि व्यक्ति जलन भई बिरामी भएमा त्यस्तो व्यक्तिलाई स्वास्थ्य संस्थामा लैजानु, उपचार गराउनु र उपचार गर्ने कार्यमा सहयोग तथा सहजीकरण गर्नु अभिभावक, परिवारका सदस्य, संरक्षकको दायित्व हुनेछ ।

२८. **थप सुविधा दिन सक्ने** : बिरामी वा बिरामीको आश्रित परिवारलाई नेपाल सरकारले निर्धारण गरे बमोजिम थप सुविधा तथा सहायता उपलब्ध गराउन सकिनेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "परिवार" भन्नाले बिरामीको एकासगोलको पति, पत्नी, बाबु, आमा वा सौतेनी आमा, दाजु, भाइ, दिदी, बहिनी, छोरा, छोरी, बुहारी, धर्मपुत्र, धर्मपुत्री, नाति वा नातिनी सम्झनु पर्छ र सो शब्दले पुरुष वा अविवाहित महिलाको हकमा निजको बाजे, बज्यै तथा विवाहित महिलाको हकमा निजको सासु, ससुरा समेतलाई जनाउँछ।

२९. **कार्यक्रम सञ्चालन गर्न सक्ने** : (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले मानव जलन जन्य घटनाको नियन्त्रण, रोकथाम, प्राथमिक उपचार, स्वास्थ्य शिक्षा तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारबाट हुने कार्यक्रम सम्बन्धी अन्य व्यवस्था स्तरीय उपचार पद्धति बमोजिम हुनेछ।

(३ उपदफा (१) बमोजिम प्रदेश तथा स्थानीय तहबाट हुने कार्यक्रम प्रदेश तथा स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।

३०. **दोहोरो सुविधा माग गर्न नहुने** : (१) कुनै व्यक्ति वा संस्थाले यस ऐन बमोजिम हुने बिरामीले यातायात तथा उपचार तथा आधारभूत सामग्री बापतको खर्च दोहोरो हुने गरी लिनु दिनु हुँदैन।

(२) यस ऐन बमोजिम कोष सञ्चालक समिति समक्ष बिरामीको उपचार बापत रकम भुक्तानी माग गर्दा कुनै माध्यय वा स्रोतबाट पूर्व भुक्तानी नलिएको स्वःघोषणा गर्नुपर्नेछ।

३१. **कसूर तथा सजाय** : कसैले देहाय बमोजिमका कुनै कार्य गरे गराएमा देहाय बमोजिम दण्ड सजाय गरिनेछः-

(क) स्वास्थ्य संस्था वा चिकित्सकले उपचार गर्न इन्कार गरेमा, प्रेषण नगरेमा, दायित्व पूरा नगरेमा पच्चिस हजार रूपैयाँ देखि पचास हजार रूपैयासम्म जरिवाना,

(ख) दफा ८ बमोजिम व्यक्ति, संस्था वा निकायले पुरा गर्नुपर्ने दायित्व नगरेको वा लापरवाही गरेको कारणबाट जलन भएको जलनको जलन बिरामीको उपचार नगरेमा उपचार खर्च असूल उपर गरी तीस देखि पचास हजार रूपैयासम्म जरिवाना,

(ग) दफा १६ को को खण्ड (ज) वा दफा २९ बमोजिम दोहोरो सुविधा लिएमा, बमोजिम झुठ्ठा बनावटी बिल, भरपाई, खर्च विवरण पेश गरी भुक्तानी लिएमा बिगो असूल गरी बिगो बराबरको जरिवाना

(घ) अति संवेदनशिल क्षेत्रका व्यवसायीले दफा २६ बमोजिमको दायित्व पुरा नगरेमा दश हजार रूपैयासम्म जरिवाना,

(ङ) दफा २३ बमोजिम दोहोरो सुविधा वा भुक्तानी लिएमा बीगो असूल गरी बिगो बराबरको जरिवाना।

३२. **मुद्दाको अनुसन्धान** : (१) यो ऐन बमोजिमको मुद्दाको अनुसन्धान गर्न मन्त्रालयले स्वास्थ्य सेवाको कम्तिमा नवौं तहको अधिकृतलाई अनुसन्धान अधिकारी तोक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुसन्धान अधिकारीले मुद्दाको अनुसन्धान गरी मुद्दा हेर्ने अधिकारी समक्ष कारवाहीको लागि पेश गर्नुपर्नेछ।

३३. **संक्षिप्त कार्यविधि अपनाउनु पर्ने** : यस ऐन अन्तर्गत दायर भएको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

३४. **मुद्दा हेर्ने र पुनरावेदन सुन्ने अधिकारी** : (१) यो ऐन बमोजिम कसूरको शुरु कारबाही र किनारा गर्ने अधिकार मन्त्रालयको सचिवलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयको सचिवले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले पैतिस दिनभित्र सम्बन्धित जिल्लामा पुनरावेदन गर्न सक्नेछ।

३५. **प्रचलित कानून बमोजिम सजाय हुने:** यस ऐन अन्तर्गतको कुनै कसूर वा कार्य अन्य प्रचलित कानून बमोजिम समेत दण्डनीय हुने रहेछ भने त्यस्तो कसूरमा कानून बमोजिम कारबाही र सजाय गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।

३६. **अनुसन्धानको लागि लेखि पठाउने** : प्रचलित कानून बमोजिमको कसुर गरेको पाइएमा मन्त्रालयले प्रचलित कानून बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

३७. **<u>पुनर्स्थापना तथा सामाजिक पुनःएकीकरण</u>** : (१) जलन बिरामीको शारीरिक, मानसिक, सामाजिक तथा आर्थिक पुनर्स्थापनाका लागि आवश्यक कार्यक्रम तथा सुविधा सञ्चालन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमका कार्यक्रम सम्बन्धी अन्य व्यवस्था स्तरीय उपचार पद्वति बमोजिम हुनेछ।

३८. **<u>निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने</u>** : यस ऐनको अधीनमा रही मन्त्रालयले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागु गर्न सक्नेछ।